# मिलन घर्मस्थली स्कुल

तारकेश्वर ६ धर्मस्थली

कक्षा : ९ मिति :२०७७ ।०३ ।१०

विषय : नेपाली घन्टी :दोस्रो

पाठ : दुई मितको कथा

पाठ्यवस्तु:कथाको सारांश

१. उद्देश्य : पाठको अन्त्यमा विद्यार्थीहरु निम्न कुरा गर्न सक्षम हुनेछन् :

(क) कथाको साराश बताउन

(ख) कथाको सन्देश बताउन

२ शैक्षिक सामग्री : किताब

३ कियाकलाप :

चारकोसे झाडीको विचमा वनदेवी मन्दिरको छेउमा एउटा ठुलो रुखमा नेत्रलाल र कर्णकान्त बस्थे । यि दुबै असाध्यै मिल्ने मित थिए ।यिनीहरु मानिसले जस्तै भाषामा कुरा गर्थे ।दिनभरी आहाराको खोजिमा विभिन्न स्थानमा पुग्थे र साझ नहुदै आफ्नो घर आइपुग्थे ।दिनभरी देखेका कुराहरु साटासाट गर्थे । एक दिन आहाराको खोजिमा कर्णकान्त कहिल्यै नपुगेको ठाउंमा पुग्छ ।त्यहाबाट फर्कन खोज्दा राक्षसहरुले घेरेर घर जान दिदैनन् । आफ्ना राजाले सपनामा हात्तीको मासु खाएको देखेकाले आज हात्तीको मासु खान पाइने भयो भनी राक्षसहरु खुसी भए । उता नेत्रलाल चिन्ता गरीरहेको थियो ।यता राक्षसहरुले हात्तीलाई खान तयार भए । खानेबेलामा अन्तिम इच्छा के छ भन्दा मित कर्णकान्तलाई भेटेर आउनेकुरा बताएपछि ऊ बाटामा यस्तै कुरा सोच्दै आउंछ । घर आएर मितलाई सबै कुरा बताउंछ र दुबै जना राक्षसहरु भएको ठाउंमा पुग्छन् र नेत्रलालले एउटा जुक्ति लगायो राक्षसहरुकी राजकुमारीसंग बिहे भएको कुरा सपनामा देखेकाले राजकुमारीलाई यहां उपस्थित गराऊ भन्छ राक्षसहरु सपनाको कुरा साचो नहुने कुरा बताउंछन् ।त्यसो भए तिमीहरुले हातीलाई खान पाउदैनौ भनी दुबैजना हास्दै घर फर्किए र खुसी साथ बस्न थाले ।

यो कथा नेपाली समाजमा प्रचलित लोक कथा हो ।यसमा मित्रता र त्यागको गहिरो सन्देश बोकेको छ। मानिसलाई बाच्न कसैको सहारा चाहिन्छ समय र परिस्थिति हेरी उपाए सोच्नुपर्छ ।मानबलाई असल बुद्दिवान र असल आचरण प्रस्तुत गर्नुपर्छ ।

४ मुल्याङ्कन :

क) कथाको सारांश बताउनुहोस् ।

ख) कथाको सन्देश बताउनुहोस् ।